कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरमा सीमित दायित्व भएको)

**छ्याङ्दी हाइड्रोपावर लिमिटेड**

का.म.न.पा. वडा नं. २, गैह्रीधारा, काठमाण्डौं ।

फोन: ९७७-०१-४४२६४८३/४४२४९२५

ई-मेल: info@chpl.com.np

Web Site:http://www.chpl.com.np

## को "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

| विवरण | वास्तविक | | | आ.व. ०७७/७८ आषाढ मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७४/७५ | आ.व.२०७५/७६ | आ.व.२०७६/७७ | | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०२.५९ | १०५.४३ | १०५.४४ | १०३.४६ | ११३.२९ | १२८.२५ | १४०.२९ |
| प्रति शेयर आम्दानी (रु.) | २.४७ | २.८४ | ५.२८ | ३.२९ | १०.६४ | १४.९६ | १७.०३ |
| जगेडा तथा कोषहरु (रु. हजारमा) | ६,९८९ | १४,६६९ | १५,४१६ | १०,२८८ | ५१,४४५ | १,०९,३३९ | १,५५,९०५ |

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.२९,७६,७५,०००/-(अक्षरेपी उनान्तीस करोड छहत्तर लाख पचहत्तर हजार मात्र) को १० शेयर बराबर ३ शेयर (१० : ३) अर्थात् विद्यमान दश कित्ता साधारण शेयर बराबर नयाँ तीन कित्ता साधारण शेयरको अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.८,९३,०२,५००/- (अक्षरेपी आठ करोड त्रियानब्बे लाख दुई हजार पाँचसय मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००/–दरका ८,९३,०२५ (आठ लाख त्रियानब्बे हजार पचीस मात्र) कित्ता हकप्रद शेयर निष्कासन गर्नको लागि प्रकाशित ।

**दरखास्त साथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण:

हामीलाई **छ्याङ्दी हाइड्रोपावर लिमिटेड** तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

### निष्कासकनकर्ता कम्पनीको क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार साविकका शेयरधनीहरुमा सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि. डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७७/१०/०४ गते **"[ICRANP-IR] BB"** प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको **(Moderate risk of default regarding timely servicing of financial obligations)** भन्ने जनाउँदछ । सो ग्रेडिङ्ग को वैधता अवधि एक वर्ष रहनेछ । ईक्रा नेपाल लि.ले **ICRANP-IR AAA** देखि **ICRANP-IR D** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग **"[ICRANP-IR]AAA, AA, A, BBB]"** ले क्रमश: **Highest, high, adequate & moderate degree of Safety Regarding Timely Servicing of Financial Obligation** जनाउँछ भने **"[ICRANP-IR] BB, B** र **C"** ले **moderate,high & very high risk of default regarding timely servicing of financial obligation** भन्ने जनाउँदछ र **"[ICRANP-IR] D"** ले **in default or are expected be default soon** भन्ने जनाउँदछ ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति: जनवरी १८, २०२१ (तदनुसार मिति २०७७/१०/०५)

बहाल रहने अवधि: जनवरी १७, २०२२ (तदनुसार मिति २०७८/१०/०४)

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७८/ ०९/ ०१ गते ।

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७८/१० / ११ गते ।

हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७८/११ / ०२गते ।(बैंकिङ्ग समय पश्चात्) ।

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

ग्लोबल आइएमई क्यापीटल लिमिटेड

पो.ब.नं.: २१५९९, वडा नं. १

लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौं ।

फोन नं. ०१-४५४५६४९ फ्याक्स नं.०१-४५४५७०२

Email:info@globalimecapital.com

web: www.globalimecapital.com

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.globalimecapital.com, छ्याङ्दी हाइड्रोपावर लिमिटेडको Website:www.chpl.com. np र नेपाल धितोपत्र बोर्डको Website: www.sebon.gov.np बाट समेत हेर्न सक्नुहुनेछ ।**

**(क)** **संगठित संस्थाको नाम : छयाङ्दी हाइड्रोपावर लिमिटेड (Chhyangdi Hydropower Limited (CHL))**

**(ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालयः** यस कम्पनीको रजिष्टर्ड कार्यालय वडा नं. २, गैह्रीधारा, काठमाण्डौ, नेपालमा रहेको छ ।

**(ग)** **कारोबार स्थानः** यस कम्पनीले कारोवार गर्ने गरी वडा नं. २, गैह्रीधारा, काठमाण्डौं, नेपाल स्थित रजिष्टर्ड (कर्पोरेट) कार्यालयबाट आफ्नो काम कारोवार गर्दै आईरहेको छ ।

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**यस कम्पनीको संक्षिप्त इतिहास :**

- यस कम्पनी प्रचलित कानुन बमोजिम २०६४ साल भाद्र १६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा. लि. कम्पनीको रुपमा दर्ता भै मिति २०७१ आषाढ ३० गतेदेखि पब्लिक कम्पनीमा परिणत भै कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत काम कारोबार गर्दै आइरहेको छ ।
- यस कम्पनीले छन्दी खोला साना जलविद्युत आयोजनाबाट मिति २०७२/१२/१३ गतेदेखि २ मेगावाट विद्युत उत्पादन गरी बिक्री गरिरहेको छ ।
- माथिल्लो छन्दीखोला साना जलविद्युत आयोजना (४ मे.वा.) बाट उत्पादित गरिने सबै विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच मिति २०७३/०३/२२ मा विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको छ ।
- माथिल्लो छन्दीखोला साना जलविद्युत आयोजना (४ मे.वा.)को प्रगति विवरण सम्बन्धी जानकारीः- कम्पनीले छन्दी खोला साना जलविद्युत आयोजना (२ मेगावाट) को माथिल्लो भागमा रहेको माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना (४ मेगावाट)को निर्माण कार्य सम्पन्न गरिसकेको छ । साथै आयोजनाको विद्युत नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइनमा प्रवाह गराउन नेपाल विद्युत प्राधिकरण समक्ष माग गरी विभिन्न चरणका बैठक बसी यथाशक्य चाँडै गर्ने गरी विद्युत प्राधिकरणका तर्फबाट कार्यहरु अगाडी बढिरहेको छ । माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना निर्माणको लागि बैक अफ काठमाण्डौ लि. र कुमारी बैक लि. बाट कन्सोर्टियम कर्जा अन्तर्गत रु. ५९.५ करोडको दीर्घकालिन ऋण स्वीकृत भइ प्रयोग भइरहेको र बाँकी रु. २०.५ करोड रकम कम्पनीको हाल सञ्चालित आयोजनाको आम्दानी, कम्पनीको खातामा भएको रकम स्वपूँजी तथा अब निस्काशन हुने हकप्रद शेयरबाट सँकलन गरिने छ । यस माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना निर्माण सम्पन्न भए पश्चात् यस कम्पनीले निर्माण गरेका दुवै आयोजनाहरुबाट गरी जम्मा ६ मेगावाट विद्युत उत्पादन हुनुका साथै कम्पनीको चुक्ता पूँजी रु. ३८,६९,७७,५००।- (अक्षरेपी अड्तीस करोड उनान्सत्तरी लाख सतहत्तर हजार पाँचसय मात्र) पुग्नेछ ।

**यस कम्पनीको मुख्य उद्देश्यहरु :**

यस कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) विद्युत विकासको लागि विद्युत उत्पादन, प्रसारण तथा वातावरणको सम्भाव्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ्ग डिजाईन, अन्वेषण तथा सर्वेक्षणको कार्य गर्ने, गराउने ।

(ख) उपयुक्त साना तथा मझौला आयोजनाहरुको सञ्चालन गरी विद्युत उत्पादन गर्ने तथा उत्पादित विद्युत शक्तिको बिक्री वितरण गर्ने ।

(ग) उत्पादित विद्युत तथा अन्य उर्जा शक्ति वितरण गर्न आवश्यक प्रसारण तथा वितरण लाईन निर्माण गर्ने, सञ्चालन गर्ने ।

(घ) विद्युत आयात तथा निर्यात गर्ने तथा आवश्यकता अनुसार लिजमा लिने दिने ।

(ङ) नेपालभर विद्युत उत्पादनका लागि आवश्यक पुर्वाधारको विकास गरी विविध क्षमताका विद्युत उत्पादन गर्ने ।

(च) नेपालमा विद्युत उत्पादन गर्नको लागि सम्बन्धित क्षेत्रमा लगानी गर्ने ।

(छ) विदेशी उपकरण तथा प्राविधिक जनशक्ति समेतको व्यवस्था गर्ने ।

(ज) नेपाल विद्युत प्राधिकरण तथा अन्य नीजि क्षेत्रका जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत लिजमा भाडामा लिई वा खरिद गरी विद्युत सेवा सञ्चालन गर्ने र सामुदायिक रुपमा विद्युत वितरणको कार्य गर्ने ।

(झ) नेपालका नदी, नाला, छहराहरुको अध्ययन तथा अनुसन्धान गर्न विस्तृत सर्वेक्षण गर्ने ।

(ञ) समान उद्देश्य भएका अन्य कम्पनी तथा फर्महरुसँग सम्पर्क गरी कार्य गर्ने ।

**(ङ) शेयर पूँजीको संरचना :**

(क) **अधिकृत पूँजी:** यस कम्पनीको अधिकृत पूँजी रू.५०,००,००,०००/– (अक्षरेपी पचास करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू.१००/– का दरले जम्मा ५०,००,०००/– (पचास लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) **जारी पूँजी:** यस कम्पनीको जारी पूँजी रू.३८,६९,७७,५००/– (अक्षरेपी अड्तीस करोड उनान्सत्तरी लाख सतहत्तर हजार पाँच सय मात्र) रहेको छ । जसलाई प्रति कित्ता अंकित मूल्य रू.१००/– का दरले जम्मा ३८,६९,७७५ (अड्तीस लाख उनान्सत्तरी हजार सात सय पचहत्तर मात्र) साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पूँजी:** हाल यस कम्पनीको चुक्ता पूँजी रू.२९,७६,७५,०००/– (अक्षरेपी उनान्तिस करोड छहत्तर लाख पचहत्तर हजार मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू.१००/– का दरले जम्मा २९,७६,७५० (उनान्तीस लाख छहत्तर हजार सात सय पचास मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पूँजी रू.३८,६९,७७,५००/– (अक्षरेपी अड्तीस करोड उनान्सत्तरी लाख सतहत्तर हजार पाँच सय मात्र) हुनेछ ।

**(च) हकप्रद शेयर निष्कासन गर्नुपूर्व र निष्कासन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :**

**हकप्रद शेयर निष्कासन गर्नु पूर्व संगठित संस्थाको चुक्ता पूँजीको संरचना :**

| क्र. सं. | समूह | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना % | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | "क" | संस्थापक शेयरधनीहरु | २०,८३,७२५ | २०,८३,७२,५००.०० | ७०% | शतप्रतिशत |
| २. | "ख" | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ८,९३,०२५ | ८,९३,०२,५००.०० | ३०% | शतप्रतिशत |
| | | **जम्मा** | २९,७६,७५० | २९,७६,७५,०००.०० | **१००%** | |

**हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात हुने कम्पनीको चुक्ता पुँजीको संरचना :**

| क्र. सं. | समूह | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पुँजी संरचना % | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | "क" | संस्थापक शेयरधनीहरु | २७,०८,८४३ | २७,०८,८४,३००.०० | ७०% | शतप्रतिशत |
| २. | "ख" | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ११,६०,९३२ | ११,६०,९३,२००.०० | ३०% | शतप्रतिशत |
| | | **जम्मा** | ३८,६९,७७५ | ३८,६९,७७,५००.०० | **१००%** | |

**नोट:** कम्पनी स्थापना हुंदाको बखत शेयर संरचना अनुपात संस्थापक समुहको ७० प्रतिशत र सर्वसाधारण समुहको ३० प्रतिशत रहेको र जारी पूँजीको ३० प्रतिशतले हुने रकम बराबरको शेयर सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी मिति

२०७३ फाल्गुण ९ गते बाँडफाँट गरिएको । कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरेपछिको ३ (तीन) वर्षसम्म लकईन पिरियडमा रहेको यस कम्पनीको संस्थापक शेयरको सन् फेब्रुअरी ०२, २०२० (तदनुसार २०७६ फाल्गुन ८) गतेदेखि लकईन पिरियड समाप्त भई साधारण शेयरसरह कारोवार भईरहेको छ । हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रू.२९,७६,७५,०००/– (अक्षरेपी उनान्तीस करोड छहत्तर लाख पचहत्तर हजार मात्र) रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रू.३८,६९,७७,५००/– (अक्षरेपी अड्तीस करोड उनान्सत्तरी लाख सतहत्तर हजार पाँच सय मात्र) कायम हुनेछ ।

**(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

फेब्रुअरी ०२, २०२० (तदनुसार २०७६ फल्गुण ०८) गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भएको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ । हाल कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण भई कारोवार भईरहेको छ ।

**२०७८ आषाढ मसान्त सम्मको संस्थापक शेयरधनी, आधारभुत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्याः**

| क्र.सं. | नम | ठेगाना | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | अमरनाथ श्रेष्ठ | बुधबारे ९, झापा | १,१५,७६२.५० | संस्थापक /आधारभुत |
| २. | लाल बहादुर थापा | हवाकु ८, तेह्रथुम | ५५,१२५ | संस्थापक /आधारभुत |
| ३. | उदयकुमार पिया | नारायणघाट १, चितवन | १,८१,९१२ | संस्थापक /आधारभुत |
| ४. | रजनी राजवाहाक | का.जि.का.म.न.पा. ३१ | १,२७४.३० | संस्थापक |
| ५. | रुपमती श्रेष्ठ | रत्ननगर ९, चितवन | ४४,४४५.८३ | संस्थापक /आधारभुत |
| ६. | रामेश्वर थापा | कुसादेवी ४, काभ्रेपलान्चोक | १,१०,२५० | संस्थापक /आधारभुत |
| ७. | राजेन्द्र बहादुर सिंह | थालीगडा ३, बैतडी | २८,११३.७५ | संस्थापक |
| ८. | अरुण तातेड | राजविराज ४, सप्तरी | ४१० | संस्थापक |
| ९. | शोभा वराल | पोखरा ७, कास्की | ५१२ | संस्थापक |
| १०. | शरद कुमार पौडेल | चैनपुर ८, संखुवासभा | १३७८.१३ | संस्थापक |
| ११. | मिरा आचार्य | धरान ९, सुनसरी | ३,३०७.५० | संस्थापक |
| १२. | सन्जिब कुमार थापा क्षेत्री | महेशपुर ३, झापा | १,१०२.५० | संस्थापक |
| १३. | अशोक बुढाथोकी | गरामुनी ७, झापा | २६,४६० | संस्थापक |
| १४. | शशि प्रसाद तिमल्सिना | धुलिखेल ७, काभ्रे | ३,३०७.५० | संस्थापक |
| १५. | सुनिल थापा | का.म.न.पा.६, काठमाडौं | १३०१.२६ | संस्थापक |
| १६. | उत्सव पिया | भरतपुर ३, चितवन | ३१,९७२ | आधारभुत |
| **जम्मा** | | | **६०६,६३४.२६** | |
| अन्य साधारण शेयर संख्या | | | २३,७०,११५.७४ | |
| **कुल साधारण शेयर संख्या** | | | **२९,७६,७५०** | |

**(ज) निष्कासन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरणपत्र मार्फत हाल कायम चुक्ता पूँजी रु.२९,७६,७५,०००/- (अक्षरेपी उनान्तीस करोड छहत्तर लाख पचहत्तर हजार मात्र) को दश शेयर बराबर नयाँ तीन शेयर (१० : ३) अर्थात् विद्यमान दश कित्ता साधारण शेयर बराबर नयाँ तीन कित्ता शेयरको अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.८,९३,०२,५००/-( अक्षरेपी आठ करोड त्रियानब्बे लाख दुई हजार पाँचसय मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००/- दरका ८,९३,०२५/- (आठ लाख त्रियानब्बे हजार पचीस मात्र) कित्ता हकप्रद शेयर निष्कासन गरिनेछ ।

**(झ) धितोपत्र निष्कासन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मितिः**

आ.व. २०७६/०७७ को साधारण सभाबाट पारित भए बमोजम बोनस शेयर जारी गरे पश्चात् कायम हुने चुक्ता पूँजीको ३० प्रतिशतले हुने रु.८,९३,०२,५००/- हकप्रद शेयर जारी गर्ने बिषय उपर छलफल हुँदा सो लाई सर्वसम्मतिबाट पारित भएको ।

**साधारण सभा सम्पन्न भएको मिति** : २०७७/०९/२७ गते सम्पन्न सातौं बार्षिक साधारण सभा ।

(ञ) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

यस कम्पनीको सञ्चादक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता | अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव | उमेर |
|---|---|---|---|---|---|
| १. | क्याप्टेन श्री रामेश्वर थापा | अध्यक्ष | स्नातक (वाणिज्य शास्त्र) | प्रशिक्षक हेलिकप्टर पाइलटमा १४ बर्षको अनुभव, हाल पर्यटन व्यवसायी, मिडिया उद्यमी । | ५४ |
| २. | श्री अमरनाथ श्रेष्ठ | सञ्चालक | मानविकि विषयमा स्नातक | गोमा गणेश हाइड्रोपावर प्रा. लि. मा अध्यक्ष पदमा ३ बर्ष, अटो ग्यालरी प्रा. लि.मा अध्यक्ष पदमा ११ बर्ष र इम्पलाईमेन्ट लिंक नेपाल प्रा. लि. मा अध्यक्ष पदमा १० बर्ष । | ५८ |
| ३. | श्री उदय कुमार पिया | सञ्चालक | स्वअध्ययन | कन्या स्कूल, नारायणगढ र विरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरको संस्थापक तथा सञ्चालक समितिको सदस्यमा ५ बर्षको कार्यानुभव । | ९० |
| ४. | श्री अशोक बुढाथोकी | सञ्चालक | व्यवस्थापन र मानविकि विषयमा स्नातकोत्तर तथा विज्ञान संकायमा स्नातक | क्यापिटल मर्चेण्ट बैंकिङ्ग तथा फाइनान्स लि.मा ३ वर्ष कार्यानुभव ।<br>तत्कालिन सगरमाथा फाइनान्स लि.मा १२ वर्ष प्रमुख सञ्चालन अधिकृतको रुपमा कार्य गरेको अनुभव ।<br>हाल सञ्चालक नागरीक लगानीकोष । | ५७ |
| ५. | श्री तिना राजभण्डारी | सञ्चालक | एसिसिए, यू.के. | मिति २००४ देखि २००६ सम्म Account Assistant at Asmita Associates, London, UK.<br>मिति २००६ देखि २०११ सम्म Account Assistant at the Viral Factory, Old Street, London, UK.<br>मिति २०११ देखि २०१२ सम्म Executive Secretary At Ertan Enterprise, Greenwich, London, UK.<br>मिति २०१४ देखि २०१८ सम्म Director at Outlines Research and Development Pvt. Ltd., Chakupat, Lalitpur, Nepal. | ४० |
| ६. | श्री बैकुण्ठ पौडेल | सञ्चालक | आई.ए. | मिति २०६५/०२/०१ देखि मिति २०६९/०४/३० सम्म Craftman Furniture Pvt. Ltd. मा प्रबन्धकको रुपमा कार्यनुभव ।<br>क्यापिटल मार्केटमा विगत ८ बर्षदेखि पूर्णकालिन लगानीकर्ता रहेको । | ३५ |
| ७. | श्री कुशन प्रधान | स्वतन्त्र सञ्चालक | एमबिए | मिति १९९५ देखि १९९८ सम्म Soaltee Holiday Inn Crown Plaza मा Cost & Inventory Controller.<br>मिति १९९८ देखि १९९९ सम्म Time Pharmaceuticals Pvt. Ltd. Narayanga Garh, Chitwan मा Finance Manager and Shareholder. | ५२ |

**प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :**

**नाम** :- श्री लाल बहादुर थापा

**ठेगाना** :- हवाकु ८, तेह्रथुम, नेपाल

**शैक्षिक योग्यता** :- व्यवस्थापन विषयमा स्नातक

**अनुभव** :- पर्यटन व्यवसायमा १२ वर्ष र जलविद्युतमा १४ भन्दा बढीको अनुभव तथा अटो ग्यालरी प्रा.लि.मा संस्थापक/सञ्चालकको रुपमा कार्यअनुभव प्राप्त ।

**(ट) सञ्चालक समितिको बनौट :**

यस कम्पनीको नियमावलीको नियम २७ भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | “क” समूहमा रहेका संस्थापक समूहबाट मनोनित /निर्वाचित | ४ जना |
| २. | “ख” समूहमा रहेका सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | २ जना |
| ३. | स्वतन्त्र व्यवसायिक विशेषज्ञ | १ जना |
| | **जम्मा** | **७ जना** |

यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा यस कम्पनीको न्यूनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ यस्तो शेयर धितोबन्धकमा रहेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने स्वतन्त्र सञ्चालक तथा बैकल्पिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुनेछैन् ।

**(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर नयाँ तीन शेयर (१० : ३) को अनुपातमा प्रति किता शेयर अंकित मूल्य रु.१००/– दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**(ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तैः शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**(ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न पाइने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्कासन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको सञ्चालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हकभन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन ।

**(ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणको साथै प्रक्षेपित प्रति शेयर आम्दानी (इ.पि.एस), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

**<u>कम्पनीको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वासलात</u>**

**(रु.हजारमा)**

| विवरण | वास्तविक | | | आ.व. ०७७/७८ आषाढ मसान्त सम्मको अपरिष्कृत वित्तीय विवरण | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व .२०८०/८१ |
| **पूँजी तथा दायित्व** | | | | | | | |
| शेयर पूँजी | २,७०,००० | २,७०,००० | २,८३,५०० | २,९७,६७५ | ३,८६,९७७ | ३,८६,९७७ | ३,८६,९७७ |
| शेयर प्रिमियम | - | - | - | - | - | - | - |
| जगेडा कोष र संचित नाफा | ६,९८९ | १४,६६९ | १५,४१६ | १०,२८८ | ५१,४४६ | १,०९,३३९ | १,५५,९०५ |
| **मध्ययम तथा दीर्घकालिन कर्जा** | | | | | | | |
| सुरक्षित दायित्व | २,४१,५०० | ३,३२,७५६ | ५,८१,७७९ | ७,४८,५०९ | १,९०,२५० | १,७३,७५० | १,५५,५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सुरक्षित दायित्व (दीर्घकालिन बैंक कर्जा, माथिल्लो छन्दी) | - | - | - | - | ५,७४,८६८ | ५,४५,५८४ | ,५१३,२६० |
| **चालु दायित्व** | | | | | | | |
| विविध साहुहरु | २,२९८ | ३७,६७७ | २७,७३० | ३६,८१२ | - | - | - |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | ४,२८८ | ५,४१३ | ६,३८७ | ८,५६८ | ९०० | ९६३ | १,०३० |
| प्रतिधारण रकम | २१ | २,२०९ | १०,०६५ | १८,८८८ | - | - | |
| छोटो अवधिको बैंक कर्जा | ८,००० | ६२,२०० | ४८,४०० | १,११,७०३ | ५०,७११ | ५०,७११ | ५०,७११ |
| व्यवस्था | ९५२ | ७५९ | १,८२८ | २,५९० | ८२३ | १,१५८ | १,३१८ |
| **जम्मा** | **५,३४,०४८** | **७,२५,६८३** | **९,७५,१०५** | **१२,३५,०३३** | **१२,५५,९७५** | **१२,६८,४८२** | **१२,६४,७०१** |
| **सम्पत्ति** | | | | | | | |
| **स्थिर सम्पत्ति** | **४,३०,८४९** | **४,२२,८३१** | **४,१४,७८९** | **४,०६,९६८** | **११,८२,१९९** | **११,३९,९४२** | **१०,९७,७४३** |
| कुल मूल्य | ४,५१,१७३ | ४,५१,५३६ | ४,५१,३३९ | ४,१५,३८५ | १२,२४,५२७ | १२,२४,५२७ | १२,२४,५२७ |
| घटाउनेः सञ्चित ह्रास | (२०,३२४) | (२८,७०४) | (३६,५५०) | (८४१७) | (४२,३२९) | (८४,५८५) | (१२६,७८४) |
| चालु पूँजीगत कार्य ( माथिल्लो छन्दीखोला) | ७७,११७ | १,८३,९९७ | ५,०१,४७४ | ८,०३,५५९ | - | - | - |
| **चालु सम्पत्ति** | | | | | | | |
| विविध असामी तथा भुक्तानी पाउनुपर्ने रकम | १०,०८३ | ८,५३८ | १०,१८९ | ७,८६१ | २७,७५० | ३२,५३३ | ३३,१६५ |
| मौज्दात | १,५३६ | १,५७२ | १,६१४ | १,४५० | - | - | - |
| नगद तथा बैंक मौज्दात | ८,२२१ | ५,३६३ | ५,०७४ | ५,५१७ | ४४,८४४ | ९४,८६७ | १,३२,६९६ |
| अग्रिम भुक्तानी रकम र पेश्की | ४,६२५ | १०२,३०५ | ४१,४२७ | ९६,७८ | १,१८२ | १,१४० | १,०९७ |
| स्थगन खर्च (प्रारम्भिक शेयर निष्काशन) | १,६१६ | १,०७८ | ५३९ | - | - | - | - |
| **जम्मा** | **५,३४,०४८** | **७,२५,६८३** | **९,७५,१०५** | **१२,३५,०३३** | **१२,५५,९७५** | **१२,६८,४८२** | **१२,६४,७०१** |

## कम्पनीको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित नाफा नोक्सान हिसाब

(रु.हजारमा)

| विवरण | वास्तविक | | | आ.व. ०७७/७८ आषाढ मसान्त सम्मको अपरिष्कृत वित्तीय विवरण | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७४/७५ | आ.व.२ ०७५/७६ | आ.व. २०७६/७७ | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
| विद्युत बिक्रीबाट आम्दानी | ५३,१७५ | ५१,४४५ | ५७,४४४ | ४८,०७९ | १६६,५०३ | १९५,१९७ | १९८,९९१ |
| अन्य आम्दानी | ३,१९२ | १७ | ३७१ | १७६ | - | - | - |
| **जम्मा आम्दानी** | **५६,३६७** | **५१,४६२** | **५७,८१५** | **४८,२५५** | **१६६,५०३** | **१९५,१९७** | **१९८,९९१** |
| **खर्च** | | | | | | | |
| कार्य सञ्चालन खर्च | ३,९९७ | ४,१२४ | २,९१८ | ४,२१८ | ६,०९० | ६,८१५ | ७,०५३ |
| प्रशासनीक खर्च | ८,०८० | ४,९२० | ४,५५५ | ५,७८७ | ६,९९० | ७,१६६ | ७,३६३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सञ्चालन मुनाफा** | **४४,२८९** | **४२,४१८** | **५०,३४१** | **३८,२५०** | **१५३,४२३** | **१८१,२१५** | **१८४,५७५** |
| वित्तीय खर्च | २७,५५२ | २५,६५८ | २६,३२७ | १९,७९५ | ६९,११४ | ७९,९०७ | ७५,१४२ |
| ह्रास खर्च | ८,५७७ | ८,३८० | ८,११८ | ४५१ | ३५० | २७८ | २२१ |
| अपलेखन खर्च | ५३९ | ५३९ | ५३९ | ७,९६६ | ४१,९७८ | ४१,९७८ | ४१,९७८ |
| **कर तथा बोनश अघिको खुद नाफा** | **७,६२१** | **७,८४१** | **१५,३५७** | **१०,०३८** | **४१,९८१** | **५९,०५१** | **६७२,३३** |
| खुद सञ्चालन नाफा | ७,६२१ | ७,८४१ | १५,३५७ | १०,०३८ | ४१,९८१ | ५९,०५१ | ६७२,३३ |
| कर्मचारी बोनश व्यवस्था | १४९ | १५७ | ३०७ | २०१ | ८२३ | १,१५८ | १,३१८ |
| बोनश पछिको /कर अघिको नाफा | ७,४७२ | ७,६८४ | १५,०५० | ९,८३७ | ४१,१५७ | ५७,८९३ | ६५,९१५ |
| आयकर व्यवस्था | ७९८ | ४ | ९३ | ४४ | - | - | - |
| स्थगन कर आय/व्यय | - | - | - | - | - | - | - |
| **यस वर्षको खूद नाफा** | **६,६७४** | **७,६८०** | **१४,९५७** | **९,७९३** | **४१,१५७** | **५७,८९३** | **६५,९१५** |
| अघिल्लो वर्षसम्मको सञ्चित नाफा | ३१५ | ६,९८९ | १४,६६९ | १५,४१६ | ५१,४४६ | १,०९,३३९ | १,७५,२५४ |
| **विनियोजन** | | | | | | | |
| बोनश लाभांश | - | - | १३,५०० | १४,१७५ | - | - | १९,३४९ |
| लाभांश | - | - | - | - | - | - | - |
| करको लागि नगद लाभांश | - | - | ७१० | ७४६ | - | - | - |
| **वासलातमा सारिएको खूद नाफा/रिटेन्ड अर्निङ्ग** | **६,९८९** | **१४,६६९** | **१५,४१६** | **१०,२८८** | **५१,४४६** | **१,०९,३३९** | **१,५५,९०५** |

## कम्पनीको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित नगद प्रवाह विवरण

(रु.हजारमा)

| **विवरण** | **वास्तविक** | | | आ.व. ०७७/७८ आषाढ मसान्त सम्मको अपरिष्कृत वित्तीय विवरण | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | **आ.व. २०७४/७५** | **आ.व. २०७५/७६** | **आ.व. २०७६/७७** | | **आ.व. २०७८/७९** | **आ.व. २०७९/८०** | **आ.व. २०८०/८१** |
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | | | | | | |
| कर पछिको नाफा | ६,६७४ | ७,६८० | १४,९५७ | ९,७९३ | ४१,१५७ | ५७,८९३ | ६५,९१५ |
| समायोजन | | | | | | | |
| ह्रास कट्टी | ९,११६ | ८,९१९ | ८६५७ | ४५१ | ३५० | २७८ | २२१ |
| अपलेखन खर्च | - | - | - | ७९६६ | ४१,९७९ | ४१,९७९ | ४१,९७९ |
| करको लागि व्यवस्था | - | - | ९३ | - | - | - | - |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको** | **१५,७९०** | **१६,५९९** | **२३,७०७** | **१८,२१०** | **८३,४८६** | **१,००,१५०** | **१,०८,११४** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सञ्चालन नगद प्रवाह** | | | | | | | |
| कार्यशिल पूँजीमा वृद्धि /ह्रास | | | | - | - | - | - |
| विविध आसामी तथा भुत्तानी पाउनु पर्ने रकम (वृद्धि) /ह्रास | (२,९७७) | १,५४५ | (१,४३६) | २,३२७ | (१९,८८९) | (४,७८२) | (६३२) |
| मौज्दात (वृद्धि)/कमी | (१,५३०) | (३६) | (४२) | १६४ | १,४५० | - | - |
| चालु सम्पतीमा (वृद्धि)/कमी | | | | | | | |
| अग्रिम, ऋण तथा निक्षेपमा (वृद्धि)/कमी | (१,८१३) | (९७,६७९) | ६०,८७७ | ३१,७४९ | ८,४९६ | ४२ | ४२ |
| विविध साहुहरु वृद्धि /(कमी) | (९९६) | ३५,३७९ | (९,९४७) | - | - | - | - |
| व्यापर र अन्य भुक्तानी योग्यमा वृद्धि /(कमी) | ६५० | १,१२४ | ९७४ | २०,०८७ | (६३,३६९) | ६३ | ६७ |
| छोटो अवधिको ऋणमा वृद्धि / (कमी) | ७,९९९ | ५४,२०० | (१३,८००) | ६३,३०३ | (६०,९९२) | - | - |
| प्रतिधारण रकम भुक्तानीमा वृद्धि /( कमी) | (२,२९७) | २,१८९ | ७,८५६ | - | - | - | - |
| प्रावधानमा वृद्धि / (कमी) | ४९२ | (१९३) | ९८० | ७६१ | (१,७६७) | ३३५ | १६० |
| कार्यशिल पूँजीको परिवर्तन बाट खुद नगद प्रवाह | (४७३) | (३,४७१) | ४५,४६३ | ११८,३९२ | (१३६,०७१) | (४,३४२) | (३६२) |
| **सञ्चालन बाट नगद** | **१५,३१७** | **१३,१२८** | **६९,१७०** | **१,३६,६०२** | **(५२,५८५)** | **९५,८०७** | **१,०७,७५२** |
| आयकरको भुक्तानी | - | - | (२१८) | - | - | - | - |
| **सञ्चालक गतिविधिबाट खुद नगद प्रवाह (क)** | **१५,३१७** | **१३,१२८** | **६८,९५२** | **१३६,६०२** | **(५२,५८५)** | **९५,८०७** | **१,०७,७५२** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | | | | | |
| स्थिर पूँजीको बिक्री (थप) | (४५४) | (३६२) | (७६) | (५८) | - | - | - |
| पूँजीगत कार्यमा (वृद्धि)/कमि | (३२,९६७) | (१,०६,८८०) | (३,१७,४७७) | (३०२,०८६) | (१४,०००) | - | - |
| **लगानी गतिविधिबाट नगद प्रवाह (ख)** | **(३३,४२१)** | **(१,०७,२४२)** | **(३,१७,५५३)** | **(३०२,१४३)** | **(१४,०००)** | - | - |
| **वित्त गतिविधिहरु बाट नगद प्रवाह** | | | | | | | |
| शेयर पूँजीबाट आय | - | - | १३,५०० | १४,१७५ | ८९,३०३ | - | - |
| शेयर पूँजीको लागि अग्रिम | - | - | - | - | - | - | - |
| दीर्घाकालिन ऋण प्राप्ती/(भुक्तानी) | (१०,०००) | ९१,२५६ | २,४९,०२३ | १६६,७३० | १६,६१० | (४५,७८४) | (५०,५७४) |
| लाभांश वितरण | - | - | (१४,२११) | (१४,९२१) | - | - | (१९,३४९) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(१०,०००)** | **९१,२५६** | **२४,८३१२** | **१६५,९८४** | **१०५,९१२** | **(४५७८४)** | **(६९,९२३)** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **(ग)** | | | | | | | |
| **नगदमा भएको कुल वृद्धि/(कमी) (घ) = (क + ख + ग)** | (२८,१०३) | (२,८५९) | (२८९) | ४४२ | ३९,३२८ | ५०,०२३ | ३७,८२८ |
| **वर्षको शुरुमा नगद र बैंक मौज्दात (ङ)** | ३६,३२५ | ८,२२१ | ५,३६३ | ५,०७४ | ५,५१७ | ४४,८४४ | ९४,८६७ |
| **वर्षन्तमा नगद तथा बैंक मौज्दात (च) = (घ + ङ)** | ८,२२१ | ५,३६३ | ५,०७४ | ५,५१७ | ४४,८४४ | ९४,८६७ | १३२,६९६ |

**सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ**

**(रु.हजारमा)**

| **विवरण** | **वास्तविक** | | | **आ.व. ०७७/७८ आषाढ मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | **आ.व. २०७४/७५** | **आ.व.२०७५/७६** | **आ.व.२०७६/७७** | | **आ.व. २०७८/७९** | **आ.व. २०७९/८०** | **आ.व. २०८०/८१** |
| चुक्ता पूँजी | २,७०,००० | २,७०,००० | २,८३,५०० | २,९७,६७५ | ३,८६,९७७ | ३,८६,९७७ | ३,८६,९७७ |
| जगेडा तथा कोषहरु | ६,९८९ | १४,६६९ | १५,४१६ | १०,२८८ | ५१,४४६ | १,०९,३३९ | १,५५,९०५ |
| कूल | २,७६,९८९ | २,८४,६६९ | २,९८,९१६ | ३,०७,९६३ | ४,३८,४२३ | ४,९६,३१६ | ५,४२,८८२ |
| न्यूनः अपलेखन गर्न बाँकी खर्चहरु | - | - | - | - | - | - | - |
| कुल नेटवर्थ | २,७६,९८९ | २,८४,६६९ | २,९८,९१६ | ३,०७,९६३ | ४,३८,४२३ | ४,९६,३१६ | ५,४२,८८२ |
| शेयर संख्या (हजारमा) | २,७०० | २,७०० | २,८३५ | २,९७६ | ३,८६९ | ३,८६९ | ३,८६९ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०२.५९ | १०५.४३ | १०५.४४ | १०३.४६ | ११३.२९ | १२८.२५ | १४०.२९ |
| प्रति शेयर आम्दानी (रु.) | २.४७ | २.८४ | ५.२८ | ३.२९ | १०.६४ | १४.९६ | १७.०३ |
| नेटवर्थमा औसत प्रतिफल (%) | २.४१ | २.७० | ५.०० | ३.१८ | ९.३९ | ११.६६ | १२.१४ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS)कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल (%): | | | | | ३.११ | | |

**अनुमानित वित्तीय विवरणहरु तयार गर्दाका आधारहरु :**

१) हकप्रद निष्काशन गर्ने आधारमा निष्कासन पश्चात् आ.व. २०७८/०७९ मा कम्पनीको शेयर पूँजी रु.३८.६९ करोड पुग्ने प्रक्षेपण गरिएको छ ।

२) विद्युत खरिद बिक्री सम्झौतामा भएको प्रावधान बमोजिम विद्युत बिक्री गर्ने गरी प्रक्षेपण गरिएको छ ।

३) नेपाल सरकारलाई तिर्ने रोयल्टी खर्च २ प्रतिशत अनुमान गरी प्रक्षेपित गरिएको छ ।

४) सञ्चालन तथा अन्य खर्चहरु वार्षिक ७ प्रतिशतले वृद्धि हुने अनुमात गरिएको छ ।

५) आयोजना सञ्चालन भएपछि पहिलो १० वर्षसम्म आयकर नलाग्ने हुँदा सोहि बमोजिम प्रक्षेपित विवरण तयार गरिएको छ ।

६) बैंक ऋणको ब्याज गणनाका लागि १० प्रतिशतको ब्याजदर लिइएको छ । लगानी फिर्ता समय (Payback Period) को हकमा माथिल्लो छन्दीखोला साना जलद्यिुत आयोजनाको १२ वर्ष रहेको छ ।

७) छन्दीखोला साना जलविद्युत आयोजना २ मे.वा. मिति २०७२ चैत्र १३ मा उत्पादन तथा सञ्चालन भएको र माथिल्लो छन्दीखोला साना जलद्यिुत आयोजना ४ मे.वा. २०७८ असोज महिना बाट विद्युत उत्पादन (Commercial Operation Date) हुने आधार लिइएको छ ।

८) यस कम्पनीबाट निमार्ण भएको दुबै आयोजनालाई आयोजनाको कुल लागतको ७५ प्रतिशत बैकं ऋण र २५ प्रतिशत शेयर पूँजी मार्फत लगानी हुने आधार लिइएको छ ।

९) छन्दीखोला साना जलबिद्युत आयोजना र माथिल्लो छन्दीखोला साना जलबिद्युत आयोजनाको वार्षिक लागत ह्रास खर्च (Amortizations) का लागि आयोजनाको समय क्रमश: २५ वर्ष र ३२ वर्ष अनुसार प्रक्षेपित विवरण तयार पारिएको छ ।

१०) कर्मचारी बोनसका लागि आम्दानीको २ प्रतिशत रकम छुट्टाइएको छ ।

**(त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा नोक्सान हिसावको विवरण :**

**(क) कम्पनीको आ.व. २०७६/७७ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण साधारण सभाबाट पारित भई देहाय बमोजिम रहेको छ :**

**वासलात**
**मिति २०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ गतेसम्मको**

| **विवरण** | **आ.व. २०७६/०७७ (रु. हजारमा)** |
|---|---|
| **पूँजी तथा दायित्व** | |
| शेयर पूँजी | २,८३,५०० |
| शेयर प्रिमियम | |
| जगेडा कोष र सञ्चित नाफा | १५,४१६ |
| सुरक्षित दायित्व (दीर्घकालिन बैंक कर्जा) | ५,८१,७७९ |
| असुरक्षित दायित्व | |
| विविध साहुहरु तथा भुक्तानी गर्नुपर्ने रकम | २७,७३० |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | ६,३८७ |
| छोटो अवधिको बैंक कर्जा | ४८,४०० |
| प्रतिधारण रकम | १०,०६५ |
| व्यवस्था | १,८२८ |
| **जम्मा** | **९,७५,१०५** |
| **सम्पत्ति** | |
| खुद स्थिर सम्पत्ति | ४,१४,७८९ |
| कुल मूल्य | ४,५१,३३९ |
| घटाउनेः सञ्चित ह्रास | (३६,५५०) |
| चालु पुजीगत कार्य (माथिल्लो छन्दीखोला आयोजना) | ५,०१,४७४ |
| मौज्दात | १,६१४ |
| विविध आसामी तथा भुक्तानी पाउनुपर्ने रकम | १०,१८९ |
| स्थगन खर्च (प्रारम्भिक निष्काशन) | ५३९ |
| नगद तथा बैंक मौज्दात | ५,०७४ |
| अग्रिम भुक्तानी रकम र पेश्की | ४१,४२७ |
| **जम्मा** | **९,७५,१०५** |

**नाफा/नोक्सान हिसाब (श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७)**

| **विवरण** | **आ.व. २०७६/०७७ (रु. हजारमा)** |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ५७,४४४ |
| अन्य आम्दानी | ३७१ |
| **जम्मा आम्दानी** | **५७,८१५** |
| **खर्च** | |
| कार्य सञ्चालन खर्च | २,९१९ |

| | |
|---|---|
| प्रशासनिक खर्चहरु | ४,५५५ |
| **सञ्चालन मुनाफा** | **५०,३४१** |
| वित्तीय खर्च | २६,३२७ |
| प्रारम्भिक शेयर निष्काशनका खर्चहरु | ५३९ |
| ह्रास खर्च | ८,११८ |
| **कर तथा बोनश अघिको खुद नाफा** | **१५,३५७** |
| कर्मचारी बोनश व्यवस्था | ३०७ |
| कर अघिको नाफा | १५,०५० |
| **आयकर व्यवस्था** | **९३** |
| आयकर | ९३ |
| स्थगन कर आय/व्यय | |
| **यस वर्षको खूद नाफा** | **१४,९५७** |
| अघिल्लो वर्षसम्मको सञ्चित नाफा | १४,६६९ |
| विनियोजन | |
| प्रस्ताविक बोनश/लाभांश | १३,५०० |
| करको लागि नगद लाभांश | ७११ |
| **वासलातमा सारिएको खूद नाफा** | **१५,४१६** |

**नगद प्रवाह विवरण**
**मिति २०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ गतेसम्मको**

**(रु. हजारमा)**

| **विवरण** | **आ.व. २०७६/७७** |
|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | |
| कर पछिको नाफा | १४,९५७ |
| जोडने: | |
| ह्रास कट्टी तथा अपलेखन खर्च | ८,६५७ |
| करको लागि व्यवस्था | ९३ |
| कार्याशिल पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह | २३,७०७ |
| कार्य पूँजीमा वृद्धि/ह्रास | |
| विविध असामी तथा भुक्तानी पाउनुपर्ने रकममा (वृद्धि)/ह्रास | (१,४३६) |
| मौज्दात /स्टकमा (वृद्धि)/कमी | (४२) |
| अग्रिम, ऋण तथा निक्षेपमा (वृद्धि)/कमी | ६०,८७७ |
| विविध साहुहरुमा वृद्धि/(कमी) | (९,९४७) |
| व्यापार र अन्य भुक्तानी योग्यमा वृद्धि/(कमी) | ९७४ |
| छोटो अवधिको ऋणमा वृद्धि/(कमी) | (१३,८००) |
| प्रतिधारण भुक्तानीमा वृद्धि/(कमी) | ७,८५६ |
| प्रावधानमा वृद्धि/(कमी) | ९८० |
| कार्यगत पूँजी परिवर्तनबाट नगद प्रवाह | ४५,४६३ |
| आयकरको भुक्तानी | (२१८) |
| **सञ्चालक गतिविधिबाट खुद नगद प्रवाह (क)** | **६८,९५२** |
| लगानी गतिविधिबाट नगद प्रवाह | |
| स्थिर पूँजीमा थप | (७६) |
| पूँजीगत कार्यमा वृद्धि | (३,१७,४७७) |
| **लगानी गतिविधिबाट नगद प्रवाह (ख)** | **(३,१७,५५३)** |
| वित्त गतिविधिहरुबाट नगद प्रवाह | |
| शेयर पूँजीबाट आय | १३,५०० |
| शेयर पूँजीको लागि अग्रिम | |

| | |
|---|---|
| दीर्घकालिन ऋण प्राप्ती/(भुक्तानी) | २,४९,०२३ |
| लाभांश वितरण | (१४,२११) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **२,४८,३१२** |
| **नगदमा भएको कुल वृद्धि/(कमी) (घ) = (क + ख + ग)** | **(२८९)** |
| **वर्षको शुरुमा नगद र बैंक मौज्दात (ङ)** | **५,३६३** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात (च) = (घ + ङ)** | **५,०७४** |

**(ख) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :**

आ.व.२०७७/०७८ को चौथो त्रैमासको अन्त्यसम्मको व्यवस्थापन र लेखापरिक्षक बाट प्रमाणित गरेको अपरिष्कृत वासलात तथा नाफा नोक्सान हिसावको विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

**(रु. हजारमा)**

| **विवरण** | **आ.व.२०७७/०७८ (आषाढ मसान्तको अपरिष्कृत विवरण** |
|---|---|
| **पूँजी तथा दायित्व** | |
| शेयर पूँजी | २,९७,६७५ |
| शेयर प्रिमियम | - |
| जगेडा कोष र संचित नाफा | १०,२८८ |
| **मध्ययम तथा दीर्घकालिन कर्जा** | |
| सुरक्षित दायित्व | ७,४८,५०८ |
| सुरक्षित दायित्व<br>(दीर्घकालिन बैंक कर्जा, माथिल्लो छन्दी) | - |
| **चालु दायित्व** | |
| विविध साहुहरु तथा भुक्तानी गर्नुपर्ने रकम | ३६,८१२ |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | ८,५६८ |
| प्रतिधारण रकम | १८,८८८ |
| छोटो अवधिको बैंक कर्जा | १,११,७०३ |
| व्यवस्था | २,५९० |
| **जम्मा** | **१२,३५,०३४** |
| **सम्पत्ति** | |
| कुल स्थिर सम्पत्ति मूल्य | ४,१५,३८५ |
| घटाउनेः सञ्चित ह्रास | (८,४१७) |
| **खुद स्थिर सम्पत्ति मूल्य** | **४,०६,९६८** |
| चालु पूँजीगत कार्य (माथिल्लो छन्दी) | ८,०३,५५९ |
| **चालु सम्पत्ति** | |
| विविध असामी तथा भुत्तानी पाउनुपर्ने रकम | ७,८६१ |
| मौज्दात | १,४५० |
| नगद तथा बैंक मौज्दात | ५,५१६ |
| अग्रिम भुक्तानी रकम र पेश्की | ९,६७८ |
| स्थगन खर्च (प्रारम्भिक निष्काशन) | - |
| **जम्मा** | **१२,३५,०३४** |

## नाफा–नोक्सान हिसाब

(रु. हजारमा)

| विवरण | आ.व.२०७७/०७८ (आषाढ मसान्तको अपरिकृष्ट विवरण |
|---|---:|
| विद्युत बिक्रीबाट आम्दानी | ४८,०७९ |
| अन्य आम्दानी | १७६ |
| **जम्मा आम्दानी** | **४८,२५५** |
| **खर्च** | |
| कार्य सञ्चालन खर्च | ४,२१८ |
| प्रशासनीक खर्च | ५,७८७ |
| **सञ्चालन मुनाफा** | **३८,२५०** |
| वित्तीय खर्च | १९,७९५ |
| ह्रास खर्च | ४५१ |
| अपलेखन/अमोटाइजेशन खर्च | ७,९६६ |
| **कर तथा बोनश अघिको खुद नाफा** | **१०,०३८** |
| खुद सञ्चालन नाफा | १०,०३८ |
| कर्मचारी बोनश व्यवस्था | २०१ |
| बोनश पछिको /कर अघिको नाफा | ९,८३७ |
| आयकर व्यवस्था | ४४ |
| स्थगन कर आय/व्यय | - |
| **यस वर्षको खूद नाफा** | **९,७९३** |
| अघिल्लो वर्षसम्मको सञ्चित नाफा | १५,४१६ |
| **विनियोजन** | |
| बोनश लाभांश | १४,१७५ |
| लाभांश | - |
| करको लागि नगद लाभांश | ७४६ |
| **वासलातमा सारिएको खूद नाफा/रिटेन्ड अर्निङ्ग** | **१०,२८८** |

## नगद प्रवाह विवरण

(रु. हजारमा)

| विवरण | आ.व.२०७७/०७८ (आषाढ मसान्तको अपरिकृष्ट विवरण |
|---|---:|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | |
| कर पछिको नाफा | ९,७९३ |
| समायोजन | |
| ह्रास कट्टी | ४५१ |
| अपलेखन खर्च | ७,९६६ |

| | |
|---|---|
| करको लागि व्यवस्था | - |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **१८,२१०** |
| **कार्यशिल पूँजीमा वृद्धि /ह्रास** | - |
| विविध असामी तथा भुत्तानी पाउनुपर्ने रकममा (वृद्धि) /ह्रास | २,३२७ |
| मौज्दातमा (वृद्धि)/कमी | १६४ |
| अग्रिम, ऋण तथा निक्षेपमा (वृद्धि)/कमी | ३१,७४९ |
| विविध साहुहरुमा वृद्धि /(कमी) | - |
| व्यापार र अन्य भुक्तानी योग्यमा वृद्धि /(कमी) | २०,०८७ |
| छोटो अवधिको ऋणमा वृद्धि / (कमी) | ६३,३०३ |
| प्रतिधारण रकम भुक्तानीमा वृद्धि /(कमी) | - |
| प्रावधानमा वृद्धि / (कमी) | ७६२ |
| कार्यशिल पूँजीको परिवर्तन बाट खुद नगद प्रवाह | १,१८,३९२ |
| **सञ्चालन बाट नगद** | **१,३६,६०२** |
| आयकरको भुक्तानी | - |
| **सञ्चालक गतिविधिबाट खुद नगद प्रवाह (क)** | **१,३६,६०२** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| स्थिर पूँजीको बिकी (खरिद) | (५८) |
| पूँजीगत कार्यमा (वृद्धि)/कमि | (३,०२,०८६) |
| **लगानी गतिविधिबाट नगद प्रवाह (ख)** | **(३,०२,१४३)** |
| **वित्त गतिविधिहरु बाट नगद प्रवाह** | |
| शेयर पूँजीबाट आय | १४,१७५ |
| शेयर पूँजीको लागि अग्रिम | - |
| दीर्घाकालिन ऋण प्राप्ती/(भुक्तानी) | १,६६,७३० |
| लाभांश वितरण | (१४,९२१) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **१,६५,९८४** |
| **नगदमा भएको कुल वृद्धि/(कमी) (घ) = (क + ख + ग)** | **४४३** |
| **वर्षको शुरुमा नगद र बैंक मौज्दात (ङ)** | **५,०७४** |
| **वर्षन्तमा नगद तथा बैंक मौज्दात (च) = (घ + ङ)** | **५,५१७** |

**(ग) धितोपत्र निष्कासन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन**

**भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एंव संशोधन गर्नु पर्ने भएमा सो सम्वन्धी विवरणः** सो नभएको ।

**(थ)संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरु :**

(क)ऋण लगानीसँग सम्बन्धित जोखिमहरु ।
(ख) ब्याजदरसँग सम्बन्धित जोखिमहरु ।
(ग) बजारसँग सम्बन्धित जोखिमहरु ।
(घ) वैदेशिक विनिमयसँग सम्बन्धित जोखिमहरु ।
(ङ) लगानी भएका आयोजनाहरुको लागत तथा निर्माण अवधिमा हुनसक्ने वृद्धि ।
(च) लगानी गरिएका जलविद्युत आयोजनाहरुसँग सम्बन्धित भौगर्भिक तथा प्राविधिक जोखिमहरु ।
(छ) देशका राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार चढावबाट हुने सक्ने जोखिमहरु ।
(ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(झ) अन्य अप्रत्याशित घटनाबाट सृजना हुन सक्ने जोखिमहरु ।
(ञ) जलप्रवाह (हाइड्रोलोजी) को कारणले विद्युत उत्पादनमा कमी आउन सक्ने जोखिमहरु ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम**

प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।**

सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले आवश्यक अध्ययन तथा परामर्श गरी विभिन्न नीति, नियम तथा कार्यविधिहरु तयार गरी लागू गरेको छ । लगानीको प्रस्ताव उपर बाह्य विज्ञहरु, व्यवस्थापनका पदाधिकारीहरु, जोखिम व्यवस्थापन समिति तथा सञ्चालक समिति गरी विभिन्न पक्षहरुबाट प्रस्तावसँग सम्बन्धितप्राविधिक पक्ष, वित्तीय पक्ष, कानूनी पक्ष तथा व्यवस्थापन पक्षहरुको आवश्यक अध्ययन, विश्लेषण तथा अनुसन्धान गरेर मात्र लगानीको निर्णय लिने प्रकृया लागू गरिएको छ । जोखिम व्यवयस्थापन समितिबाट विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रणालीको विकास गर्ने, व्यवसायिक गतिविधिमा निहित जोखिमको पहिचान गरी त्यसको व्यवस्थापनको आवश्यक रणनीति तयार गर्ने, जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन सम्बन्धमा छलफल गर्ने, कम्पनीले लिने जोखिमको विश्लेषण गर्ने लगायत नियमनकारी निकायबाट जारी गरिएका नीति निर्देशनहरुको अनुशरण गर्ने लगायत अन्य विभिन्न जोखिम न्यूनिकरणका उपायहरु अवलम्बन गर्ने नीति लिइएको छ । यस्तै प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, नवीनतम प्रविधिको उपयोग तथा उपयुक्त नीति तथा नियमहरुको निर्माण गर्ने र सूचना प्रवाहको कार्यलाई पारदर्शी र सुदृढीकरण गर्दै लैजाने नीति कम्पनीको रहेको छ ।

**(द) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार हकप्रद शेयरको निष्कासन बन्द भएको मितिले बढीमा पन्ध्र (१५) दिनभित्र बाँडफाँट पश्चात् राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**(ध)संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :** कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखि कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :
(क) कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. २, गैह्रीधारा, काठमाण्डौं ।
(ख) धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक : ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

**(न) निष्कासन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरणः** सो नभएको ।

**(प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्कासन गरिने हकप्रद शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्कासनको लागि स्वीकृत भएको

७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :** सो नभएको ।

**(ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

(१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्कासन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।

(२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

(३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

(क) आवेदकको पूरा नाम (नेपाली तथा अंग्रेजी दुवैमा उल्लेख गर्नुपर्नेछ ।
(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम उल्लेख गर्नुपर्नेछ ।
(ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।
(घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।
(च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो बापत जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
(झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनुपर्ने ।
(ञ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ट) आवेदन फाराम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर अंकित मूल्य रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्कासन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

६) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

७) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

८) यस विवरणपत्र मार्फत निष्कासन गरिने हकप्रद शेयर डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई हकपद शेयर बाँडफाँट भए पश्चात निजहरुको डिम्याट खाता (Demat Account/BOID No.) मा नै हकप्रद शेयर पठाउने व्यवस्था मिलाउने छ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

९) रु.५ लाखसम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**
सो नभएको ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्कासन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

(क) कम्पनीको सातौं बार्षिक सभाको निर्णय बमोजिम आ.व. २०७७/७८को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि के.एस.डि.वि. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्स, श्री कृष्ण थापामगर, काठमाण्डौंलाई नियुक्त गरिएको छ ।

(ख) यस कम्पनीको कम्पनी सचिवमा स्नातकशैक्षिक योग्यता हासिल गर्नु भएका चाँगुनारायण ४, भक्तपुर निवासी श्री रमेश कुमार थापा हुनुहुन्छ । निजले यस कम्पनीमा स्थापनाकालदेखि हालसम्म गरी जम्मा ७ वर्षको कार्यनुभव रहेको छ ।

(ग) यस कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोवार, भावी रणनीति तथा कम्पनीको सञ्चालक समितिबाट स्वीकृत पाँच वर्षीय व्यवसायिक योजनाको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्कासनकर्ता कम्पनीको हालको दक्षता, निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगति, भावी रणनीति तथा व्यवसायिक योजनाको आधारमा पुनरावलोकन गरी विवरण यर्थाथपरक रहेको छ भनी प्रमाणित गर्ने विज्ञमा टि.एन. आचार्य एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्सका सि.ए. श्री पवन खनाल हुनुहुन्छ ।

(घ) यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

(ङ) यस हकप्रद शेयर निष्कासनका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्कासन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं रहेकोछ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्यः**

(१) कम्पनीको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७७/०९/२७ गते सम्पन्न सातौं वार्षिक साधारण सभाबाट दश शेयर बराबर नयाँ तीन शेयर (१० : ३) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

(२) कम्पनीले लम्जुङ्ग जिल्लामा निर्माण गरिरहेको माथिल्लो छन्दीखोला साना जलविद्युत आयोजना ४ मे.वा.मा लगानी गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

**हकप्रद निष्काशन बाट प्राप्त रकमको रू ८,९३,०२,५०० (आठ करोड त्रियानब्बे लाख दुईहजार पाँच सय मात्र) भुक्तानी निम्न प्रयोजनमा गरिने छ ।**
यस कम्पनीले प्रवर्द्धन गरी हालसालै निर्माण सम्पन्न गरेको ४ मेगावाट क्षमताको माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना निर्माणको कुल लागत रू ८० करोड लाग्ने देखिएकाले सो रकममा लगानी संरचाना debt: equity ratio 75:25% कायम भएको, बैक अफ काठमाण्डौ लि. र कुमारी बैक लि. को बाट कन्सोर्टियम कर्जा अन्तर्गत रु. ५९.५ करोड दीर्घकालिन ऋण सम्झौता रहेको, equity अन्तर्गत रू २०.५ करोड मध्ये रू ११.५ करोड कम्पनीको सञ्चालित छन्दीखोला साना जलविद्युत आयोजना २ मे.वा.को आम्दानी तथा नगद प्रवाहको रकम, अन्य आम्दानीको रकम समेत लगानी भइसकेको, बाँकी करीब रू. ९ करोड रकम नपुग हुने भएको र आयोजना पनि निमार्ण सम्पन्न भई ब्यापरिक उत्पादन मिति कायम हुने क्रममा रहेकोले यस हकप्रद शेयर निष्काशन गर्न पनि केहि समय समेत लाग्ने हुँदा तत्काल अल्पकालिन ऋण (equity bridge gap loan) अन्तर्गत बैक अफ काठमाण्डौ लि. सँग सम्झौता भएको र सोहि करिब रू. ९ कारोड रकम यस हकप्रद शेयर निष्काशन गरी भुक्तानी गरिने छ ।

(३) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि संस्थाको कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एकाईस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई कम्पनीले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**(ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ ।**
२. ग्लोबल आइएमई बैंक लिमिटेड, बेंसीशहर ११, लमजुङ्ग ।
३. ग्लोबल आइएमई बैंक लिमिटेड, सुन्दरबजार ६ मिलनचोक, लमजुङ्ग ।
४. ग्लोबल आइएमई बैंक लिमिटेड, भोर्लेटार ८, बसपार्क, लमजुङ्ग ।
५. ग्लोबल आइएमई बैंक लिमिटेड, सिउँडीबार, सुन्दरबजार ९, लमजुङ्ग ।
६. ग्लोबल आइएमई बैंक लिमिटेड, उदिपूर शाखा, लमजुङ्ग ।
७. ग्लोबल आइएमई बैंक लिमिटेड, दोर्दी शाखा, लमजुङ्ग ।
८. नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त सि–आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्कासनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्कासन बन्द हुने अघिको मितिसम्ममा ग्लोबल आइएमई क्यापीटल लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि–आस्वा सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत सि–आस्वा प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी छयाङ्दी हाइड्रोपावर लिमिटेडको वेभसाइट www.chpl.com.np वा धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक ग्लोबल आइएमई क्यापीटल लि. को वेभसाइट www.globalimecapital.comबाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हकप्रद शेयर कति संख्यामा आवेदन गर्न पाउने हो सो सम्बन्धी विवरण निष्कासन तथा बिक्री प्रबन्धकको वेभसाइट www.globalimecapital.com बाट हेर्न सकिनेछ ।

**नोट** :ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्सालमा ग्लोबल आइएमई क्यापीटल लि.को नाउँमा खिचिएको एकाउन्टपेयी चेक मात्र बुझि लिने व्यवस्था रहेको ।**

**निष्कासन बैंक सम्बन्धी ब्यबस्था :**

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बरक |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लि.,कमलादी, काठमाण्डौ । | GICL-BTI Chhyangdi Right | ०१०१०१०००७८४७ |

**(व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

कम्पनीले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस कम्पनीका सञ्चालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण कम्पनीको रहेको छ । साथै संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.व. २०७६/०७७ सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई

कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/१२/०५ को प्राप्त पत्रानुसार आ.व.०७६/०७७ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार साबिकको शेयरधनीलाई निष्काशन गर्न लागिएको हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि. डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७७/१०/०५ गते "[ICRANP-IR] BB" प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Issuers with this Rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो ग्रेडिङ्गको वैधता अवधि एक वर्ष रहने छ । ईक्रा नेपाल लि.ले **[ICRANP-IR] AAA**देखि **[ICRANP-IR] D** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग **"[ICRANP-IR] AAA"** ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँदछ भने **"[ICRANP-IR] D"** ले Default or are Expected to be in Default Soon भन्ने जनाउँछ । रेटिङ्ग **AAA** ले highest degree of safety regarding timely servicing of financial obligations जनाउँदछ, रेटिङ्ग **AA** ले high degree of safety regarding timely servicing of financial obligations जनाउदछ, रेटिङ्ग **A** ले have adequate degree of safety regarding timely servicing of financial obligations जनाउँदछ, रेटिङ्ग **BBB** ले have moderate degree of safety regarding timely servicing of financial obligations जनाउँदछ, रेटिङ्ग **BB** ले have moderate risk of default regarding timely servicing of financial obligations जनाउँदछ, रेटिङ्ग **B** ले have high risk of default regarding timely servicing of financial obligations जनाउँदछ, रेटिङ्ग **C** ले have very high risk of default regarding timely servicing of financial obligations जनाउँदछ, र रेटिङ्ग **D** ले Issuers with this Rating are in default or are expected to be in default soon जनाउँदछ ।
इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः जनवरी १८, २०२१ (तदनुसार मिति २०७७/१०/०५)
बहाल रहने अवधिः जनवरी १७, २०२२ (तदनुसार मिति २०७८/१०/०४)

**(श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या(हजारमा) |
|---|---|---|---|---|
| **०७५/०७६** | १३३ | ८६ | ८७ | ४४ |
| **०७६/०७७** | १०३ | ७४ | ८० | ४७ |
| **०७७/०७८** | ५७६ | ७९ | ४८५ | ७,०३८ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **असोज २०७८** | ६१२ | ४४७ | ४६५ | ४३८ |
| **कार्तिक २०७८** | ५३८ | ३८९ | ५२४ | ५९१ |
| **मंशिर २०७८** | ५४५ | ४२५ | ४७९ | ५४८ |

**द्रष्टव्य** :यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**(ष) यस “हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत :**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | क्याप्टेन श्री रामेश्वर थापा | अध्यक्ष | |
| २. | श्री अमरनाथ श्रेष्ठ | सञ्चालक | |
| ३. | श्री उदय कुमार पिया | सञ्चालक | |
| ४. | श्री अशोक बुढाथोकी | सञ्चालक | |
| ५. | श्रीमती तिना राजभण्डारी | सञ्चालक | |
| ६. | श्री बैकुण्ठ पौडेल | सञ्चालक | |
| ७. | श्री कुशन प्रधान | स्वतन्त्र सञ्चालक | |

**(स) निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई छयाङ्दी हाइड्रोपावर लि.तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै “हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा “धितोपत्र सम्बन्धी ऐन, २०६३” र “धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३” अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको “हकप्रद शेयर निष्कासन सम्बन्धी ब्यबस्था तथा विवरणहरु” सार्वजनिक निष्कासनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**